"कृषि,शिक्षा,स्वास्थ्य,पर्यटन र पुर्वाधार
जगन्नाथ गाउँपालिका विकासको मूल आधार "

## वार्षिक नीति तथा कार्यक्रम, २०७९।२०८०

१.दलहन वाली,तरकारी र फलफूल (आप,कागती,सुन्तला,किवि,ओखर,स्याउ र केरा)जातका बिरुवालाई उच्च प्राथमिकता दिई व्यवसायीक खेति गर्न किसानलाई प्रोत्साहन गरिनेछ।

२.लैफु देखि पिलुचौर सम्मको कर्णाली करिडोर आसपासमा हावापानी सुहाँउदें फलफुलका विरुवा र बृक्षारोपण कार्यक्रम संचालन गरिनेछ ।

३.प्रत्येक बर्ष गाउँपालिका भित्रका उत्कृष्ठ कृषकहरुलाई पुरुस्कारको व्यवस्था गरिनेछ

४.जगन्नाथ गाउँपालिका भित्रका सम्पुर्ण सामुदायिक विद्यालयमा इ-हाजिरी जडान गरिनेछ ।

५.शैक्षिक गुणस्तर सुधारका लागी शिक्षकको क्षमता अभिवृद्धिका लागि विषय विशेषज्ञ सहित (तहगत र विषयगत) तालिमको व्यवस्था गरिनेछ ।

६.सामुदायीक विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र प्रधानाध्यापकहरुलाई अन्तर जिल्ला भ्रमणको व्यवस्था गरिनेछ।

७.गाँउपालिका भित्रका सामुदायिक विद्यालयलाई प्रविधीमैत्री बनाउने उद्धेश्यले कम्पयुटर र सोलार नभएका विद्यालयमा कम्पुटर,फोटोकपी,सोलार र इन्टरनेटको व्यवस्था गरिनेछ।

८.कक्षा ५, ८ र १० को परिक्षामा उत्कृष्ठ नतिजा ल्याउने छात्र छात्रा,शिक्षक र विद्यालयलाई उचित पुरुस्कार र सम्मान गरिनेछ।

९.जगन्नाथ गाँउपालिकामा स्थायी बसोबास गरिरहेका वालवालिकाले सामुदायीक विद्यालयमा अध्ययन गरेका दलित र विपन्न वालवालिकाहरुले कक्षा १२ को परिक्षामा उत्कृष्ठ नतिजा एम.वि.वि.एस र इन्जिनियरिङ्ग अध्ययनका लागि प्रवेश परिक्षा उतिर्ण गरेमा पठनपाठनका लागि शैक्षिक संस्थामा लाग्ने पचास प्रतिशत

Scanned with CamScanner

शुल्कको व्यवस्था गाउँपालिका बाट गरिनेछ ।जिल्ला बाहिर प्राविधिक शिक्षा अध्ययन गरिरहेका विपन्न दलित बालबालिकाहरुलाई छात्रवृत्तिको व्यवस्था गरिनेछ ।

१०. गाउँपालिकाले भर्ना गरेका स्वंयमसेवक शिक्षकको (प्रा.वि.,नि.मा.वि र मा.वि) मासिक रु २००० ।का दरले तलब बृद्धि गर्नुका साथै विद्यार्थी संख्याको आधारमा आवश्यकता भएका विद्यालयहरुमा स्वंयमसेवक शिक्षक पदपुर्ति गरिनेछ।

११. १० शैंया अस्पतालको सुदृढिकरण गर्नुका साथै एम.वि.वि.एस.डाक्टरको व्यवस्था गरिनेछ।

१२. जनतालाई स्वास्थ्य सेवामा सहज पहुँच पुर्याउन एम्बुलेन्स खरिद गरि सेवा संचालन र गाउँपालिका भित्रका स्वास्थ्य संस्थाहरुमा इन्टरनेट सेवा विस्तार गरिनेछ।

१३. गाउँपालिका भित्रका ६ वटै वडामा घुम्ति स्वास्थ्य शिविर,औषधी वितरण,विद्यालय स्वास्थ्य कार्यक्रम र गाउँपालिकामा विशेषज्ञ डाक्टर सहितको स्वास्थ्य शिविर संचालन गरिनेछ।

१४. स्थानीय बाजाको संरक्षण र ऐतिहाँसिक पोशाकको लागि आवश्यक बजेटको व्यवस्था गरिएकोछ।

१५. पिलुचौर,जुङ्गी र बेर्मा बजारमा सोलार बत्ति जडानका लागि आवश्यक बजेट विनियोजन गरिएकोछ।

१६. गाउँपालिका भित्रका बेरोजगार व्यक्तिको तथ्याँक संकलन र अद्यावधिक गर्नुका साथै युवाहरुलाई मागको आधारमा सिप मुलक तालिम (सिलाई कटाइ,प्लम्बिङ्ग,अटोमोबाइल,मोबाइल मर्मत,हाउसवाइरिङ्ग,ड्राइभिङ्ग,जे.सि.वि अपरेटर र कम्पुटर मर्मत) संचालन गरिनेछ ।

१७. संघिय सरकारको मर्म बमोजिम गाउँपालिकाले बेरोजगार व्यक्तिहरुलाई रोजगार दिने उद्धेश्यका साथ अध्यक्ष रोजगार कार्यक्रम मार्फत ३६० जना युवायुवतिहरुलाई ५० दिनको रोजगारी र प्रधानमन्त्री रोजगार कार्यक्रम बाट १८० जना युवायुवतीहरुलाई १०० दिनको रोजगारी उपलब्ध गराइनेछ ।

Scanned with CamScanner

१८. वडा कार्यालय,स्वास्थ्य संस्था र विद्यालयहरुमा इन्टरनेट जडान गरिनेछ ।

१९. जगन्नाथा गाउँपालिका वडा नं १ देखि ६ सम्म होटल,पसल र फर्म संचालन गरेर दर्ता प्रकियामा नआएका व्यवसायीहरुलाई दर्ता प्रक्रियामा ल्याउनुका बजार अनुगमन कार्यलाई निरन्तरता दिने र नियमित अनुगमन मार्फत उपभोग्य वस्तुहरुको चेकजाँच गरिनेछ ।

२०. बैंङ्क तथा वित्तिय संस्थाले प्रदान गर्ने वित्तिय सेवामा आम नागरिकको पहुँच अभिवृद्धि गर्न विद्युतीय भुक्तानी प्रणालीलाई प्रोत्साहन गर्न वित्तिय साक्षरता अभिमुखीकरण एवं क्षमता अभिबृद्धि सम्बन्धी कार्यक्रम संचालन गरिनेछ ।

२१. न्यायमा पहुँच नपुगेका एकल महिला,दलित,हलिया,खलिया,अपाङ्गता भएका व्यक्ति,हिंशा पिडित महिला,बालबालिका तथा जेष्ठ नागरिक तथा असहाय नागरिकहरुका लागि निशुल्क कानुनी सहायता तथा परामर्श दिइनेछ ।

२२. गाउँपालिकाले मासिक रुपमा आएको दिदै आएको ग र घ वर्गका अपाङ्गहरुहरुको भत्तालाई निरन्तरता दिनुका साथै परिचय पत्र नपाएर अपाङ्ग भत्ता बाट बन्चित व्यक्तिहरु परिचय पत्र वितरण गर्ने व्यवस्था मिलाइनेछ ।

२३. गाउँपालिकाले बिगतमा दिदै आएको राहतमा पुनरावलोकन गरि प्रहरी मुचुल्काका आधारमा क्षतिको मुल्याङ्कनका आधारमा एक लाख सम्म क्षति भएमा पाँच हजार,एक लाख भन्दा बढी क्षति भएमा दश हजार,व्यक्तिको अंङ्गभङ्ग भएमा १५ हजार र मृत्यु भएमा रु २५ हजार सम्म राहत उपलब्ध गराइनेछ ।

२४. कुटिर,लघु तथा साना उद्योग संचालन गर्ने महिला तथा विदेश बाट फर्किएका युवाहरुलाई व्यवसायको आधारमा ५० प्रतिशत सम्म अनुदानको व्यवस्था गरिनेछ ।

२५. गाउँपालिकाले भर्ना गरेका स्वंयमसेवक शिक्षकको (प्रा.वि.,नि.मा.वि र मा.वि) मासिक रु २०००।का दरले तलब बृद्धि गर्नुका साथै बिद्यार्थी संख्याको आधारमा आवश्यकता भएका विद्यालयहरुमा स्वंयमसेवक शिक्षक पदपुर्ति गरिनेछ।

Scanned with CamScanner